पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, मंसिर २५ गते, २०८२ साल (संख्या ६

## भाग २

## अटिजम स्रोत कक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८२

**(कार्यपालिकाबाट स्वीकृत/प्रमाणिकरण मितिः २०८२/०८/२५)**

**प्रस्तावनाः** पोखरा महानगरपालिका क्षेत्रमा रहेका अटिजम सम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको उचित हेरचाह, स्याहार तथा सिकाइ व्यवस्थापनका लागि अटिजम सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापनगर्न वाञ्छनीय भएकाले,

पोखरा महानगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९ को दफा (५) ले दिएको अधिकार प्रयोग गरी पोखरा महानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

(१) **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "**अटिजम स्रोत कक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८२**" हुनेछ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा सूचना प्रकाशन भएको मितिबाट लागु हुनेछ।

(२) **परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "महानगरपालिका" भन्नाले पोखरा महानगरपालिका सम्भनु पर्छ।

(ख) "कार्यपालिका" भन्नले पोखरा महानगरपालिका नगरकार्यपालिका सम्भनुपर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्भनु पर्दछ।

(घ) "शिक्षा महाशाखा प्रमुख" भन्नाले पोखरा महानगरपालिका शिक्षा महाशाखाको प्रमुखलाई सम्भनु पर्दछ।

(ङ) "विद्यालय" भन्नाले महानगरपालिका क्षेत्रभित्र अनुमति वा स्वीकृति प्राप्त गरी सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालय भन्ने सम्भनु पर्छ।

(च) "प्रशिक्षक" भन्नाले यस कार्यविधि अनुसार अटिजम वालवालिकालाई प्रशिक्षण दिन नियुक्ति प्रशिक्षकलाई सम्भनु पर्दछ।

(छ) "स्रोत शिक्षक" भन्नाले अटिजम कक्षामा दैनिक प्रसासन सञ्चालन तथा दैनिक कार्य ब्यवस्थापनको लागि स्रोतकक्षा सञ्चालन भएको विद्यालयले खटाएको स्थायी शिक्षक सम्भनु पर्दछ ,

(ज) "नगर शिक्षा समिति" भन्नाले पोखरा महानगरपालिका नगर शिक्षा समितिलाई सम्भनुपर्दछ।

(झ) "छनौट समिति" भन्नाले प्रशिक्षक तथा आया छनौट तथा सिफारिस गर्न गठित प्रशिक्षक तथा आया एवम् कर्मचारी छनौट समितिलाई सम्भनु पर्दछ।

(ञ) "लक्षित बालवालिका" भन्नाले अटिजम भएका वालवालिका सम्भनु पर्दछ।

(ट) "आया तथा सहजकर्ता" भन्नाले स्रोत कक्षामा अध्यापन गर्ने बालबालिकालाई सहजिकरण स्याहार तथा सुसार गर्न नियुक्त भएका सहजकर्ता भन्ने बुझिन्छ।

(ठ) "साझेदार संस्था" भन्नाले पोखरा महानगरपालिकमा सञ्चालन भएका अटिजम स्रोत कक्षा सञ्चालन गर्न प्राविधिक सहायता प्रदान गर्ने संस्था सम्भनु पर्दछ।

(ड) "अभिभावक वा संरक्षक" भन्नाले अटिजम भएका वालवालिकाका बाबु, आमा वा हेरचाहा गर्ने ब्यक्ति सम्भनु पर्दछ।

(ढ) "थेरापिष्ट" भन्नाले अटीजम भएका बालवालिकाहरुलाई स्पिचथेरापी र अकुपेशनल थेरापी गराउन नियुक्त भएको कर्मचारी सम्भनु पर्दछ।

## परिच्छेद–२

## स्रोत कक्षा ब्यवस्थापन समिति

(३) **स्रोत कक्षा ब्यवस्थापन समिति :** (१) अटिजम स्रोत कक्षा सञ्चालन रेखदेख एवं ब्यवस्थापन

गर्न निम्न अनुसारको अटिजम स्रोत कक्षा ब्यवस्थापन समिति रहनेछ।

(क) स्रोत कक्षा सञ्चालन भएको विद्यालय ब्यवस्थापन समितिको अध्यक्ष -अध्यक्ष

(ख) अभिभावक मध्येबाट एक जना महिलासहित दुई जना - सदस्य

(ग) सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको जनप्रतिनिधि एकजना -सदस्य

(घ) अटिजम विज्ञता संग सम्बन्धित स्थानीय बुद्दिजिवी समाजसेवी सम्बन्धित विद्यालयका चन्दा दाता मध्येबाट समितिले मनोनित गरेको एक जना -सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य

(च) स्रोत कक्षा सञ्चालनको लागि तोकिएको शिक्षक - सदस्य सचिव

(२) स्रोत कक्षाका विद्यार्थीका अभिभावकहरु मध्येबाट बढीमा दुई जना आमन्त्रित गर्न सक्नेछ।

(४) **स्रोत कक्षा ब्यवस्थापन समितिको काम कर्तब्य अधिकार**

१. स्रोत कक्षा सञ्चालन रेखदेख ब्यवस्थापन गर्ने ,

२. स्रोत कक्षा ब्यवस्थापन मा स्रोत संकलन गर्ने ,

३. स्रोत कक्षा सञ्चालनमा साझेदारी संघ संस्थासँग समन्वय तथा छलफल गर्ने ,

४.स्रोत कक्षाको भौतिक स्तरीकरण तथा स्वस्छ शैक्षिक वातावरण निर्माण गर्न सहजिकरण गर्ने,

५. विद्यालय ब्यवस्थापन समितिले तोके बमोजिमका कार्य गर्ने,

६. स्रोत कक्षा ब्यवस्थापन संघ संस्था तथा चन्दा बाट संकलन भएको स्रोत खर्च विद्यालयका प्रधानाध्यपक तथा विद्यालय कर्मचारीको हस्ताक्षरबाट सञ्चालन गर्ने,

७. शिक्षा ऐन तथा नियमावली तथा पोखरा महानगरपालिकाले तोकेको निर्देशन अनुसार कक्षा ब्यवस्थापनमा सहजिकरण गर्ने ,

८. कम्तिमा वर्षमा एकपटक अभिभावक भेला बोलाई स्रोत कक्षा सञालनको आर्थिक विवरण तथा प्रगतिविवरण प्रस्तुत गर्ने गराउने ,

९. स्रोत कक्षा स्थायित्वका लागि आवश्यक सहजिकरण गर्ने,

१०. स्रोत कक्षाको लागि आवश्यक पर्ने थप स्रोत जुटाउने ,

११. स्रोत कक्षाको बार्षिक कार्ययोजना स्वीकृत गर्ने,

१२. निजी स्रोतबाट नियुक्त जनशक्तिको पारिश्रमिक सेवा सर्त सुविधा विद्यालय ब्यवस्थापन समिति समिति समक्ष सिफारिस गर्ने ,

१३. स्रोत कक्षा ब्यवस्थापन समितिको वैठक कम्तिमा दुई महिनामा एक पटक वा आवश्यकता अनुसार जुनसुकै वेला बस्नेछ सम्बन्धित क्लस्टर हेर्ने शिक्षा महाशाखाको

अधिकृतस्तरको कर्मचारी आवश्यकता अनुसार वैठकमा पर्यवेक्षकको रुपमा सहभागी हुन सक्नेछ।

## परिच्छेद–३
## स्रोत शिक्षक सम्बन्धि ब्यवस्था

(५) **स्रोत शिक्षक सम्बन्धि ब्यवस्था:** (१) अटिजम स्रोत कक्षा सञ्चालन भएको विद्यालय ब्यवस्थापन समितिले आधारभूत तहको स्थायी शिक्षकलाई स्रोत शिक्षककोरुपमा खटाउन सक्नेछ।

(२) स्रोत शिक्षकको काम कर्तब्य र अधिकार।

(क) स्रोत कक्षाको दैनिक प्रशासनिक ब्यवस्थापन कार्यमा प्रधानाध्यपकलाई सघाउने।

(ख) स्रोतकक्षामा साझेदारी संघ संस्थाबाट सञ्चालन हुने तालिम ब्यवस्थापनमा सहजिकरण गर्ने।

(ग) स्रोत कक्षामा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने।

(घ) स्रोत कक्षा ब्यवस्थापन समितिले तोकेका अन्य कार्य गर्ने।

(ङ) शिक्षा महाशाखा, वडा शिक्षा समिति, प्रधानाध्यपकको निर्देशन अनुसार अन्य कार्य गर्ने

(च) स्रोत कक्षाका आया कर्मचारी थेरापिष्ट लक्षित वालवालिकाको हाजिरी तथा अभिलेख सुरक्षित राख्ने।

(छ) स्रोत कक्षाको आन्तरिक आम्दानी तथा खर्च विवरण चुस्त दुरुस्त राखि लेखापरीक्षणको लागि उपलब्ध गराउन सहयोग गर्ने।

(ज) स्रोत कक्षामा अभिभावक भेला संस्थागत समन्वय कक्षा कोठा तथा प्रशिक्षणमा सहजिकरण तथा आवश्यक समन्वय गर्ने।

(झ) स्रोत कक्षा ब्यवस्थपन समितिको सदस्य सचिव भई कार्य गर्ने।

## परिच्छेद–४
## थेरापिष्ट आया तथा कर्मचारी छनौट समिति

(६) **थेरापिष्ट आया तथा कर्मचारी छनौट समिति :** (१) थेरापिष्ट आया तथा कर्मचारी छनौट समिति देहाय बमोजिम हुनेछ।

(क) विद्यालय ब्यवस्थापन समितिको अध्यक्ष -संयोजक

(ख) शिक्षा अधिकृत -सदस्य

(ग) सम्बन्धित विषयका एक जना विज्ञ -सदस्य

(घ) प्रधानाध्यापक -सदस्य सचिव

(२) विज्ञ तथा सहजकर्ता शिक्षक छनौट समिति करार नियुक्ति गर्नका लागि न्यूनतम योग्यता पुगेका व्यक्तिबाट आवेदन माग गरी कम्तिमा सात दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ।

(३) थेरापिष्ट तथा सहजकर्ता छनौटका लागि लिखित परीक्षाबाट हुनेछ।

(४) छनौट समितिको सिफारिसमा विद्यालय ब्यवस्थापन समितिले नियुक्ति गर्नेछ।

(५) थेरापिष्ट सँग करार सम्झौता गरिनेछ करार अविध छ महिनाको लागि हुनेछ सो अवधिमा कार्य सन्तोषजनक भएमा पुनः छ महिना थप गर्न सकिनेछ।

(६) स्रोत कक्षामा नियुक्त जनशक्तिको सेवा सर्त तथा सुविधा विद्यालय ब्वस्थापन समितिले तोके बमोजिम हुनेछ।

(७) विद्यालयमा नियुक्त हुने जनशक्तिको परीक्षा पाठ्यक्रम स्रोत कक्षा ब्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(८) **थेरापिष्टको लागि योग्यता**

(क) नेपाली नागरिक

(ख) नेपाल सरकार वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट ४ बर्षे स्पीच थेरापी सम्बन्धि विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको व्यक्ति।

(ग) नेपाल सरकार वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट ४ बर्षे अकुपेशनल थेरापी सम्बन्धि विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको व्यक्ति।

(घ) नैतिक पतन देखिने तथा कुनै फौजदारी अभियोग नलागेको व्यक्ति।

(ङ) २१ वर्ष उमेर पुरा भई देखि ४५ वर्ष ननाघेको व्यक्ति।

(९) **आयाको तथा कक्षा सहजकर्ता को योग्यता**

(क) नेपाली नागरिक ।

(ख) नेपाल सरकार वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा १० वा सो सरह उत्तीर्ण गरेको व्यक्ति।

(ग) नैतिक पतन देखिने तथा कुनै फौजदारी अभियोग नलागेको व्यक्ति।

(घ) २१ वर्ष उमेर पुरा भई देखि ४५ वर्ष ननाघेको व्यक्ति।

(ङ) महिला हुनु पर्नेछ।

**१०. थेरापिष्टको काम कर्तब्य अधिकार**

(क) लक्षित वालवालिकाको क्षमता स्तर अनुसार वृत्ति विकासमा थेरापी सञ्चालन गर्ने ।

(ख) वालवालिकाको दैनिक क्रियाकलाप, सीप सामाजिक ,अन्तरक्रिया  तथा अतिरिक्त क्रियापालप सुरक्षित तरिकाले सञ्चालन गर्ने ।

(ग) वालवालिकाको वोलाई भाषा सञ्चार सञ्चर सीप हिडाई भावना ब्यक्त गर्ने तर्फका क्रियाकलाप सञ्चलन गर्ने ।

(घ) वालवालिकाको ब्यक्तिगत क्षमता अभिवृद्दि तथा आत्म निर्भरता संग सम्बन्धित क्रियापलाप गराउने ।

(ङ) वालवालिका  अभिभावक संग अन्तरक्रिया तथा समन्वय गर्ने ।

(च) वालवालिकको मनोसामाजिक परामर्श तथा साझेदारी संघ संस्थाकवाट प्रदान गरिने तालिमा सहजिकरण गर्ने तथा कार्यान्वयन गराउने ।

(छ) लक्षित वालवलिकाको सुरक्षित सहायतामुखी तथा समानताको ब्यवहारको क्रियाकलापमा जोड दिने ।

(ज) अटिजम बालवालिकालाई सामाजिक सीप उत्प्रेरण शारिरीक विकास समूह क्रियापलाप शारीरिक ब्यवहारिक सीप विकास गराउने ।

(झ) अटिजम वालबालिको क्षमता विकास सिकाई वातावण सिर्जना गर्ने ।

(ञ)  वालवालिकाको शारिरिक मानसिक र ब्यवहारिक विकासमा सहयोग गर्ने ।

११. **जनशक्ति व्यवस्थापन र पारिश्रमिक सुविधाः** आया, थेरापिष्ट र श्रोत कक्षा सहयोगीको संख्या पारिश्रमिक र सेवा सुविधा सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) आया, थेरापिष्ट र श्रोत कक्षा सहयोगीको संस्था

अ. आया चार जना

आ. श्रोत कक्षा सहयोगी चार जना

इ. थेरापिष्ट एक जना

(ख) आया, थेरापिष्ट र श्रोत कक्षा सहयोगीको पारिश्रमिक सुविधा

अ. आया र श्रोत कक्षा सहयोगीको पारिश्रमिक सुविधा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक सरह हुनेछ ।

आ. थेरापिष्टको पारिश्रमिक माध्यमिक तृतीय श्रेणीको शिक्षकको आधारभूत तलब स्केल बमोजिम सेवा हुनेछ ।

## परिच्छेद–५

## अभिभावक तथा संरक्षक एवं सरकारी गैरसरकारी तथा साझेदारी संघ संस्थाको भूमिका

(७) **अभिभावक तथा संरक्षकको काम कर्तब्य भूमिका सम्बन्धि ब्यवस्था :** (१) अभिभावक तथा संरक्षकको काम कर्तब्य भूमिका सम्बन्धि ब्यवस्था देहाय बमोजिम हुनेछ।

(क) वालवालिकालाई उपयुक्त पोषण हेरचाह समाजिकिकरणमा प्रयाप्त समय प्रदान गर्नुपर्नेछ।

(ख) अटिजम स्रोतकक्षाबाट उपलब्ध गराईएका सुझाव पालना गर्नु पर्नेछ।

(ग) वालवालिकालाई घरबाट विद्यालय र विद्यालयवाट घर पुर्याउने जिम्मेवारी अभिभावकको हुनेछ।

(घ) विद्यालय तथा स्रोत कक्षामा सकरात्मक सुझाव उपलब्ध गराउनु पर्नेछ।

(ङ) वालवालिकाकालागि आवश्यक सामग्री उपलब्ध गराउनु पर्नेछ।

(च) अभिवाकहरुले स्वेच्छिकरुपमा स्रोतकक्षाको लागि सहयोग, चन्दा दिन र अक्षयकोष (स्थापना गर्न सक्नेछन।

(छ) अभिवावकले विद्यालय तथा स्रोतकक्षाले निर्देशन गरेका नियम पालना गर्नु पर्नेछ।

(२) सरकारी गैरसरकारी तथा साझेदारी संघ संस्थाको भुमिका देहाय बमोजिम हुनेछ।

(क) अटिजम स्रोत कक्षा थप प्रभावकारी गुणस्तरीयता वालवालिकाको सामाजिक मनोवैज्ञानिक सीपमूलक तालिम क्षमता विकास तथा जनशक्ति ब्यवस्थापनमा सहकार्य तथा सहायता गर्ने।

(ख) सोत कक्षामा प्राविधिक ज्ञान श्र्ब्य दृष्य सामग्री प्रयोगशालामा थप सहायता गर्ने।

(ग) विद्यालय स्रोत शिक्षक कक्षा सहजकर्ता आया अभिभावकसंग थप अन्तर्क्रिया आत्मनिर्भरता संग सम्बन्धि क्षमता विकासमा कार्य गर्ने।

(घ) पोखरा महानगरपालिका शिक्षा महाशाखा विद्यालय रहेको वडा कार्यालय सामाजिक विकास महाशाखा स्वास्थ्य महाशाखा संग समन्वयात्मक कार्य गर्ने तथा सकरात्मराय सुझाव सल्लाह तथा प्रतिवेदन उपलब्ध गराई अटिजम संग सम्बन्धित प्रविधिक सहयता गर्ने।

(ङ) नेपाल सरकार तथा विभिन्न संघ संस्था समेतको सहकार्यमा प्राविधिक आर्थिक समन्वयात्मक सहयोग गर्ने

(३) स्रोत कक्षाको सञ्चालन ब्यवस्थापन लगायतका कार्य गर्न विभिन्न सरकारी एवं गैरसरकारी संघसंस्था संग आवश्यक समन्वय गर्न सकिनेछ। स्रोत कक्षालाई प्रभावकारी एवं दिगो ब्यवस्थापन गर्नका लागि ब्यवस्थापन प्रक्रिया अभिभावक समेतको भूमिका रहनेछ। स्रोत कक्षाको आम्दानी तथा सहयोग निकाय निम्न हुनेछन्।

(क) नेपाल सरकार संघीय अनुदान

(ख) प्रदेश सरकार अनुदान तथा साझेदारी

(ग) पोखरा महानगरपालिका ,स्वास्थ्य महाशाखा, शिक्षा महाशाखा र सामाजिक विकास महशाखा

(घ) सरकारी तथा गैरसरकारी संघ संस्था एवम् साझेदारी संस्था

(ङ) चन्दा तथा सहयोग

**परिच्छेद-७**

**विविध**

(८) **अटिजम भएका बालबालिकालाई स्रोत कक्षामा भर्नाको आधारहरु**

(क) जन्म दर्ताको प्रतिलिपि

(ख) ३ वर्ष पुरा भई १५ वर्ष पुरा नगरेका उमेर समूहको वालवालिका

(ग) मान्यता प्राप्त चिकित्सकबाट अटिजम प्रमाणित भएको र सम्बन्धित पालिकाबाट अपाङ्गता परिचयपत्र उल्लेख भएको परिचयपत्र

(घ) पोखरा महानगरपालिका स्थायी ठेगाना भई बसोवास भएको गरिव तथा विपन्न परिवार को वालवालिकालाई प्राथामिकता दिईनेछ ।

(ङ) स्रोत कक्षा ब्यवस्थापन समितिले लक्षित बालवालिकालाई प्राथामिकताका आधारमा स्रोत कक्षामा भर्ना गर्नेछ ।

(९) **संशोधन तथा खारेजी :** यस कार्यविधिलाई आवश्यक संशोधन वा खारेजी गर्ने अधिकार पोखरा महानगरपालिका नगर कार्यपालिकाले गर्नेछ।

**प्रमाणिकरण मिति**

**२०८२।०८।२५**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**